# विदुर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## विदुर, नुवाकोट

## बाग्मती प्रदेश, नेपाल

## आ.व. २०७८/०७९ को लागि ढुङ्गा, गिट्टी, वालुवा, माटो, काठ, दाउरा, जराजुरी स्लेट, खरिढुंगा, स्लेट आदि प्राकृतिक एवं खानीजन्य वस्तुको उत्खनन्, संकलन, आन्तरिक बिक्री तथा बाह्य कर र कवाडी तथा अन्य सामाग्रीको निकासी कर, दस्तुर उठाउने ठेक्का वन्दोवस्तीको लागी बोलपत्र आव्हान सम्बन्धी ३० दिने सूचना

(प्रथम पटक प्रकाशित मिति (२०७८/०३/०७)

स्थानीय सरकार सञ्चालन ऐन २०७४ दफा ११ उपदफा २ घ (६) तथा सार्वजनिक खरिद ऐन तथा नियमावली, आर्थिक कार्यविधी ऐन/नियमावली, ढुंगा गिट्टि तथा वालुवा उत्खनन, विक्री तथा व्यवस्थापन सम्वन्धि मापदण्ड २०७७ मा भएको व्यवस्था वमोजिम तोकिएको स्थानहरुबाट स्विकृत मापदण्ड वमोजिम वागमती प्रदेश सरकार को आर्थिक ऐन २०७७ विदुर नगरपालिकाको सातौ नगरसभा र कार्यपालिकाको मिति २०७८।०३।०३ को निर्णयानुसार तपशिलमा उल्लेखित नगरपालिका क्षेत्र भित्र रहेका नदि, खोलाखानी, क्रसर र वालुवा पशोधन उद्योगबाट उत्पादनहुने सवै खाले ढुंगा गिट्टि, तथा प्रशोधित तथा अप्रशोधित वालुवा, ग्राभेल, दहत्तर, वहत्तर, कवाडी, इट्टा, माटो, व्लक, काठ, लगायतका नदिजन्य, खानीजन्य तथा निमार्ण जन्य सामाग्रीको २०७८ साल साउनदेखि २०७९ साल असार मसान्त सम्मको लागी ठेक्कावन्दोवस्त गर्नु पर्ने भएकाले इर्च्छुक, व्यक्ति, फर्म, वा कम्पनीहरुले फर्म वा कम्पनीको नविकरण भएको प्रमाण पत्रको, मुल्यअभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.व. ०७६।७७ सम्म कर चुक्ता प्रमाण पत्र, व्यक्तिभएमा नेपाली नागरिकता प्रमाण पत्रहरुको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपशिल वमोजिमका शर्तहरुको अधिनमा रहि वोलपत्र पक्रियामा सहभागी हुन सम्वन्धित सबैको जानकारीका लागी यो सुचना प्रकाशन गरिएको छ ।

**तपशिल**

| ठेक्का नं. | विवरण शिर्षक | वार्षिक उत्खनन परिमाण (घ.मी.) | कुलन्यूनतमक बोलअंक (मु.अ.क. बाहेक) | धरौटि रकम | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|
| BM/NCB/ Revenue/ 07 समुह क/ 2077-078 | विदुर नगरपालिकाको क्षेत्राधिकारमा रहेको त्रिशुली, तादी, फलाखु, सलाखु, सामरी, गेर्खु नदी/ खोलाहरु तथाहालविदुर नगरपालिका क्षेत्र भित्र सञ्चालित वालुवा तथा ढुंगा प्रशोधन उद्योगहरु बाट संकलन र विक्री हुने ढुंगा, गिट्टी, वालुवा, ग्राभेल, आदि नदीजन्य तथा अन्य पदार्थहरु तथा अन्य वस्तुहरु संकलन, विक्री तथा निकासी कर असुल गर्ने कार्य । | ५९१३८४४.९४ | ५३२२४०५।०० | कवोलअंकको छ प्रतिशत | रु. 5,000. |
| BM/NCB/Revenue/ 07 समुह ख/ 2077-078 | विदुर नगरपालिकाको क्षेत्राधिकारमा रहेको हाल सञ्चालित खानीहरुबाट (हिल स्टोन स्याण्ड क्वारी वि न पा ३, एस एम वालुवा प्रशोधन उद्योग वि न पा ३, पवित्र निमार्ण हाउजिङ प्रा लि वि न पा ३) उत्खनन तथा विक्री हुने कच्चा वालुवा तथा खानीजन्य पदार्थहरु, उत्खनन, विक्री तथा निकासी कर असुल गर्ने कार्य । | ५०००००.१३ | २००००००।०० | कवोलअंकको छ प्रतिशत | रु. 5,000. |
| BM/NCB/ Revenue /07 समुह ग/ 2077-078 | विदुर नगरपालिकाको क्षेत्राधिकारमा संकलन र विक्री निकासी हुने ब्लक, ह्युमपाइप, रिङ, माटो, सिमेन्ट टायल आदिपदार्थहरु, कवाडी र अन्य वस्तुहरु संकलन, विक्री तथा निकासी कर असुल गर्ने कार्य । (समुह क र ख को अधिकार क्षेत्र वाहेकको ) | | ३००००००।०० | कवोल अंकको छ प्रतिशत | रु. 3000. |

**नोट** : वोलपत्र सम्वन्धि थप जानकारी तथा शर्तहरु यस कार्यालयको website **www.bidurmun.gov.np** र **www.bolpatra.gov.np/egp** बाट **download** गरी हेर्न सकिनेछ ।